प्रतिदिन १६ औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY

प्रतिदिन
हर प्रहर ताजा खबर!
लगइन गर्नुहोस्
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : १३२ ॥ २०८१ असार ०८ गते शनिबार (22nd Jun 2024 Saturday) Pratidin National Daily मूल्य-रु.५/-

# झापाको विपद् ब्यवस्थापनमा जुट्ने सामूहिक प्रतिबद्धता

झापा(प्रस)। झापामा रहेका विभिन्न संघ संस्थाले विपद् ब्यवस्थापनका लागि एकजुट हुने प्रतिबद्धता जनाएका छन् । बिर्तामोड उद्योग वाणिज्य संघले आयोजना गरेको विपद् ब्यवस्थापनका लागि संघ संस्थाको भूमिका विषयक कार्यक्रममा सहभागी संस्थाका प्रमुख तथा प्रतिनिधिले यस्तो प्रतिबद्धता जनाएका हुन् । नेपाल रेडक्रस सोसाइटी झापा शाखाका अक्षयकोष स्थापना गर्न सुझाव दिए । 'सबै झापाली मिलेर एकसय रुपैयाँ 'क्यूआर' मार्फत जम्मा गर्ने हो भने पाँच करोड रुपैयाँको विपद् व्यवस्थापन गर्न अक्षयकोष स्थापना गर्न सकिन्छ'उनले भने,' जुन कोषबाट प्राप्त आम्दानीले आईपर्ने विपद्मा राहत र उद्धारमा सहयोग पुग्छ ।' 'एकका लागि एक अभियानमार्फत जम्मा भएको रकममध्ये ८० लाख रुपैयाँ रहेको गरे । उनले विपद् ब्यवस्थापनमा आफू सहयोग गर्न तत्पर रहेको समेत बताए । जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी उपरीक्षक मिलन केसीले विपद् ब्यवस्थापनका लागि सुरक्षा निकाय तयारी अवस्थामा रहेको र विपद् व्यवस्थापनका लागि छुट्टै गुल्म समेत रहेको बताए । बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष राजु न्यौपानेको अध्यक्षतामा भएको




अध्यक्ष लोकराज ढकालले विपद् व्यवस्थापनमा सबैको भूमिका सकारात्मक हुनु पर्ने बताए । विपद्को समयमा राहत र उद्धारमा सरकारी संयन्त्रको मात्रै भर पर्नु नहुने बताउँदै सबैले आ-आफ्नो ठाउँबाट सक्दो सहयोग गर्नु पर्ने बताए । यो वर्ष पानी अत्यधिक पर्ने पूर्वानुमान गरिएकोले राहत, उद्धार तथा पूर्वतयारीमा एकजुट हुनुपर्ने ढकालको भनाई छ ।

सहारा नेपाल साकोसका प्रमुख कार्यकारी निर्देशक तथा सामाजिक अभियन्ता महेन्द्रकुमार गिरीले विपद्को समयमा सबै मिलेर अघि बढ्नु पर्ने सुझाव दिए । उनले विपद्को पूर्वतयारी लागि राहत कोष स्थापना गर्न सुझाव दिएका छन् । जसका लागि कोभिडको समयमा संकलन भएको रकममध्ये केही रकम मौज्दात रहेको र सोही रकमलाई बढाएर पाँच करोड रुपैयाँको विपद् व्यवस्थापनका लागि र त्यसको ब्याजसहित झण्डै एक करोड रुपैयाँ खातामा मौज्दात छ' अध्यक्ष गिरीले भने,'अब हामीले पाँच करोड रुपैयाँको कोष स्थापना गर्न चार करोड रुपैयाँ मात्र जम्मा गर्नु पर्छ ।'

मेची आँखा अस्पतालका अध्यक्ष तथा नेपाली कांग्रेस झापाका कोषाध्यक्ष जलकुमार गुरुङले विपद्बारे अध्ययन र योजना बनाउन नसक्दा बाढीजन्य विपद्का कारण बर्षेनि झापाबासीले समस्या ब्यहोर्दै आएको र त्यसलाई न्यूनीकरण गर्नका लागि योजना बनाएर अघि बढ्नु पर्ने बताए । आपत पर्दा हारगुहार माग्नुअघि पूर्वतयारी र सचेतना जरुरी रहेको गुरुङको भनाई छ ।
नेपाली कांग्रेस झापाले समेत गाउँ स्तरसम्म विपद् व्यवस्थापनमा जुट्न संयन्त्र बनाएको र व्यवसायीले समेत यो खाले तदारुकता देखाएको भन्दै धन्यवाद ज्ञापन कार्यक्रममा प्रमुख अतिथिसमेत रहेका प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बास्तोलाले विपद् व्यवस्थापनका लागि पूर्वतयारीको काम भइरहेको र सबै क्षेत्रबाट सहयोगको खाँचो रहेको बताए । उनले झापामा हुनसक्ने विपद् जोखिमको अध्ययनको काम भइरहेको र जनस्तरमा पुगेर राहत र उद्धारका कामलाई प्रभावकारी बनाउन सचेतना अभियानसमेत जारी राखेको बताए ।कार्यक्रममा चेम्वर अफ कमर्सका अध्यक्ष ओमकृष्ण विमली, वीरता लेडी जेसीजकी अध्यक्ष मिनु ओलीलगायतले आ-आफ्नो धारणा राखेका थिए ।
कार्यक्रममा जिल्लाका तीन दर्जनबढी संघ संस्थाका प्रमुख तथा प्रतिनिधिको उपस्थिति रहेको थियो ।बिर्तामोड उद्योग वाणिज्य संघका उपाध्यक्ष विशाल थापाले स्वागत गरेको कार्यक्रमको सञ्चालन संघका महासचिव कुशल खतिवडाले गरेका थिए ।

## हिकोला होटल विवाद

# घरधनीले अदालती आदेश अझै टेरेनन्




मेचीनगर(प्रस) । उच्च अदालत बिराटनगरले अल्पकालीन अन्तरिम आदेश जारी गरेको चार महिना बितिसक्दासमेत कार्यान्वयन नभएको अबस्थामा काँकरभिट्टास्थित होटल हिकोला हेरिटेजको विवाद मिलाउन छलफल शुरु भएको छ । होटल व्यवसायी संघ झापाको पहलमा घरधनी र होटल संचालकबीच अदालतको आदेश कार्यान्वयनका लागि बिहीवार पहिलो चरणको छलफल भएको हो । होटल व्यवसायी संघ मेचीनगरको सभाकक्षमा घरधनी विष्णुमाया श्रेष्ठ दाहाल र होटल संचालक देवीभक्त श्रेष्ठबीच विगतदेखिको विवादलाई नलम्ब्याई अदालतको आदेशलाई कार्यान्वयन गर्दै निकास खोज्ने विषयमा छलफल भएको होटल व्यवसायी संघ झापाका महासचिव शिवराज पौडेलले बताए । यद्यपि छलफल निष्कर्षमा पुग्न नसकेको उनले बताए । घरभाडाका विषयमा कुरा नमिलेपछि दुवैतर्फका कानुन व्यवसायी र लेखा अधिकृत राखेर हरहिसाव गर्ने गरी आइतवार अर्को बैठक राखिएको छ। उच्च अदालत बिराटनगरले गत फागुन ६ गते घरधनी विष्णुमाया श्रेष्ठ दाहालको नाममा अल्पकालीन अन्तरिम आदेश जारी गरेको थियो । अदालतले होटल संचालक श्रेष्ठलाई होटल सञ्चालन गर्न दिने निर्णय गरेको थियो । तर, घरधनी दाहालले होटल हिकोला हेरिटेजको सञ्चालन सम्बन्धी विवादमा अदालतले दिएको आदेशको अवज्ञा गर्दै आएकी छन् । मेचीनगर नगरपालिकाको न्यायिक समिति र मेची उद्योग वाणिज्य संघको पहलबाट समाधान आउन नसकेपछि होटल सञ्चालक श्रेष्ठ न्याय माग्दै उच्च अदालत गएका थिए ।

अदालतको आदेश चार महिनासम्म कार्यान्वयन नभएपछि होटल संचालक श्रेष्ठ बिहीवार प्रहरी प्रशासनलाई खबर गरेर विवाद भएको काँकडभिट्टास्थित होटल हिकोला हेरिटेज पुगेका थिए । उनीसंगै होटल व्यवसायी संघ झापाका अध्यक्ष इन्दिरा श्रेष्ठ , महासचिव शिवराज पौडेल , शनिश्चरे उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष ध्रुव प्रधान , समाजसेवी लीला मैनाली , पत्रकारलगायतको टोली गएको थियो । सोही टोलीसंग मेचीनगर होटल व्यवसायी संघका अध्यक्ष

❖ बाँकी अन्तिम पृष्ठमा

# झापा गाउँपालिकामा लागूऔषधसहित तीन पक्राउ

झापा(प्रस) । सीमावर्ती झापा गाउँपालिकामा लागूऔषध ब्राउनसुगरसहित तीनजना पक्राउ परेका छन् । पक्राउ पर्नेहरुमा दुइ भारतीय र एक नेपाली नागरिक रहेका छन् ।



लागूऔषध भित्र्याउँदै गर्दा दुई भारतीय नागरिक पक्राउ परेका हुन् । बिहीवार साँझ ७:२० बजेको समयमा झापा गाउँपालिका वडा नं.१ सालमारा झोलुङ्गे पुल बगानमा चेकजाँचको क्रममा साईकलयात्री भारत किसनगंज कुतवाभिट्टा नयाँ टोल बस्ने बर्ष ४० का जुलमात हुसेन र पछाडी सवार सोही ठाउँ बस्ने बर्ष २० का तोसिफ आमललाई चेकजाँच गर्ने क्रममा उनीहरुको साथबाट प्लाष्टिकसहित २० ग्राम ५५० मिलिग्राम ब्राउनसुगर फेला परेको थियो । दुवैलाई नियन्त्रणमा लिई सो सम्बन्धमा थप अनुसन्धान कार्य जारी रहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

त्यस्तै बिहीवार दिउँसो २ बजेको समयमा झापा गाउँपालिका वडा नम्बर ५ बिओपी चेक प्वाईन्टमा बिर्तामोड नगरपालिका वडा नम्बर ३ बस्ने २२ वर्षीय मनोज चौधरी ब्राउनसुगरसहित पक्राउ परेका छन् । भारतबाट नेपालतर्फ आउँदै गरेको अवस्थामा चेकजाँच गर्ने क्रममा उनले लगाएको दाहिने खुट्टाको चप्पलमा लुकाई छिपाई ल्याउँदै गरेको प्लाष्टिकसहित १ ग्राम ६० मिलिग्राम ब्राउनसुगर फेला परेको थियो । चौधरीलाई बिओपी शरणामती चेक प्वाईन्टमा खटिएको सशस्त्र प्रहरी बलले प्रहरी चौकी शरणामतीमा बुझाएको छ ।

# झापामा रोपाइँ सुरु

झापा(प्रस) । मनसुन सक्रिय भएसँगै झापा जिल्लामा धान रोपाइँ सुरु भएको छ ।
असार ३ गतेबाट जिल्लामा रोपाइँ शुरु भएको हो । झापामा कृषियोग्य जमिनमध्ये ७५ हजार ४५९.१८ हेक्टर क्षेत्रमा धानखेती हुँदै आएको कृषि ज्ञान केन्द्र झापाका प्रमुख सागर विष्टले बताए । उनले शुक्रवारसम्म ४ प्रतिशत रोपाइँ भएको जानकारी दिए । जिल्लामा साउनको पहिलो हप्तासम्ममा धान रोपाइँ सकिने गरिएको छ ।

यसैबीच आगामी आइतबारसम्म देशभर मनसुन फैलिने सम्भावना रहेको जल तथा मौसम विज्ञान विभागअन्तर्गत मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । महाशाखाकी मौसमविद् प्रतिमा मानन्धरका अनुसार शुक्रवारसम्म मनसुन मुलुकको पूर्वी भू-भाग हुँदै



लुम्बिनी प्रदेशसम्म पुगेको छ । सामान्यतया जुन १३ मा मनसुन नेपाल भित्रिने भएपनि यसवर्ष जुन १० मा मनसुन मुलुकको पूर्व क्षेत्रबाट भित्रिन सुरु गरेको थियो । पश्चिमी वायुको प्रभावका कारण सुदूरपश्चिम तथा मुलुकको पश्चिमी क्षेत्रमा मनसुन फैलिन समय लागिरहेको उनले जानकारी दिइन् । "नेपालमा १० दिन भयो मनसुन सुरु भएको तर अझै पनि पश्चिम र सुदूरपश्चिम क्षेत्रसम्म पुग्न सकिरहेको छैन", मानन्धरले भनिन्, "आइतबारसम्म मुलुकभर मनसुन फैलिएपछि तातो हावाको लहरको जोखिम विस्तारै हट्दै जानेछ ।" उनका अनुसार अघिल्लो वर्ष नेपालमा मनसुन भित्रिएको तीन सातापछि मात्रै देशभर फैलिएको थियो ।

महाशाखाका अनुसार हाल देशको पूर्वी भू-भागमा मनसुनी प्रणालीको प्रभाव रहेको छ भने बाँकी भू-भागमा स्थानीय वायु तथा भारतको विहार आसपास रहेको न्यून चापीय क्षेत्रको आंशिक प्रभाव रहेको छ ।
शनिबारसम्म कोशी र गण्डकी प्रदेशका केही स्थानमा भारी वर्षाको सम्भावना रहेको भन्दै महाशाखाले सतर्कता अपनाउन अनुरोध गरेको छ ।

ऋषिकेश
Ayurvedic Hair Oil
३५ जडिबुटीयुक्त
- कपाल झर्न नदिने
- नया कपाल उमार्ने
- सिल्की बनाउने
- चाया हटाउने
- टाउको चिलाउन रोक्ने

Chemical free, no side effects
100% Natural
Price ~~Rs. 1500/-~~ Rs. 1050/-
Free Home Delivery




Rishikesh Ayurvedic
Kathmandu, Nepal
Mobile/Whatsapp: 9810095900, 9844600332

# बिर्तामोडका अंग्रेजी शिक्षकहरुको अन्तरक्रिया

बिर्तामोड(प्रस) ।बिर्तामोड नगरपालिकाले वर्ष २०८१ लाई शैक्षिक उपलब्धि वृद्धि वर्षको रुपमा घोषणा गरेपछि विभिन्न शैक्षिक गतिविधिहरु तीव्र गतिमा सञ्चालन हुन थालेका छन्। यसै वर्षको सुरुवातमै बिर्तामोडको शिक्षा शाखाले बिर्तामोड नगर क्षेत्रभित्रका सबै सामुदायिक तथा संस्थागत विद्यालयहरूमा अध्यापन गराउने विषयगत शिक्षकहरूको पहिलो नगर सम्मेलनमार्फत गठन गरेको विषयगत समितिहरु सक्रिय हुन थालेका हुन्।



उक्त सम्मेलनले पाँचवटा विषयगत समितिहरु गठन गरेको थियो। गठित समितिहरूमा अंग्रेजी, नेपाली, विज्ञान, गणित र सामाजिक समितिहरू रहेका छन्। सोही अवसरमा शिक्षक तथा विद्यालयहरूले २१ बुँदे प्रतिबद्धतापत्रमा समेत हस्ताक्षर गरेपछि विषयगत समितिहरूले आआफ्नो क्रियाकलाप अगाडि बढाएका हुन्। यसैक्रममा अंग्रेजी विषय समितिले शुक्रबार बिर्तामोडस्थित महेन्द्ररत्न माविको तालिमहलमा अंग्रेजी विषयक एकदिने अन्तरक्रिया तथा कार्यशाला सम्पन्न गरेको छ । कार्यशालामा बिर्तामोड नगर क्षेत्रका संस्थागत तथा सामुदायिक विद्यालयका ४० जना शिक्षकहरू सहभागी रहेका थिए। नगरपालिकाले शैक्षिक क्षेत्रमा संस्थागत र सामुदायिक विद्यालयहरूलाई एकैसाथ लिएर अगाडि बढ्ने नीति अवलम्बन गरेपछि दुवै प्रकारका विद्यालयका शिक्षकहरु लाभान्वित भएका छन्। शुक्रबार सञ्चालित कार्यशालामा शिक्षा युवा तथा खेलकुद शाखाका प्रमुख उपसचिव तिलचन भण्डारीले नगरको समग्र शैक्षिक अवस्थालाई सुधार गर्न विषयगत समिति गठन गरी सक्रिय बनाइएको जानकारी दिए। उनले यस वर्ष सिकाई उपलब्धिलाई वृद्धि गरी शैक्षिक गुणस्तर कायम गर्न बिर्तामोड नगरपालिका शिक्षा शाखा तथा सम्पूर्ण विद्यालयहरू लागिपरिरहेको बताए। कार्यशालालाई बिर्तामोड नगरस्तरीय विषयगत समिति सञ्जालका सदस्य धर्मेन्द्र भट्टराई, अंग्रेजी विषयगत समितिका संयोजक लक्ष्मण सिवाकोटी र सदस्य केशव उप्रेतीले सहजीकरण गरेका थिए। कार्यशालामा शिक्षण सिकाईसम्बन्धी सीप प्रश्न गर्ने तरिका तथा प्रश्न निर्माण गर्ने तरिका र परियोजना कार्यलाई मूल्याङ्कन गर्ने तरिकाहरूको विषयमा छलफल गरिएको थियो।

कार्यक्रममा नगरस्तरीय विषयगत सञ्जालका सदस्य लीलाप्रसाद भण्डारी, शिक्षक महासंघ बिर्तामोडका अध्यक्ष युवराज कट्टेल, महेन्द्र रत्न मावि बिर्ताबजारका प्रधानाध्यापक खड्गप्रसाद खरेल, न्यूटन्स एजुकेसन एकाडेमीका प्रिन्सिपल देवेन्द्र हुमागाईलगायतको उपस्थिति रहेको थियो।
यसअघि नेपाली विषयगत समिति र विज्ञान विषय समितिले पनि नगरका शिक्षकहरूका लागि तालिम आयोजना गरेका थिए। बिर्तामोड नगरपालिकाले विषयगत समितिहरूमार्फत शैक्षिक क्रियाकलापलाई गतिशील बनाउन महत्वपूर्ण योगदान हुने विश्वास लिएको छ।

# ८ देशमा राजदूत सिफारिस



झापा(प्रस) । सरकारले ८ देशका राजदूतहरू सिफारिस गरेको छ। शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले भारत, अमेरिका, बेलायतसहित ८ देशका राजदूतहरू सिफारिस गर्ने निर्णय भएको प्रधानमन्त्री सचिवालयले जानकारी दिएको छ।

सचिवालयका अनुसार भारतमा पूर्व मुख्यसचिव लोकदर्शन रेग्मी सिफारिस भएका छन्। त्यस्तै अमेरिकामा पूर्वसचिव चन्द्र घिमिरे, बेलायतमा डा. विजन पन्त, डेनमार्कमा सुम्निमा तुलाधार, स्पेनमा पुष्पराज राजकर्णिकार, दक्षिण कोरियामा सुशील प्याकुरेल, मलेसियामा नेत्रप्रसाद तिमल्सिना र साउदी अरबमा अबुसुफ्यान खान मुसलमान सिफारिस भएका छन्। सरकारले केही दिनअघि ११ देशका राजदूत फिर्ता बोलाउने निर्णय गरेको थियो। गठबन्धनमा आबद्ध प्रमुख दलहरूले राजनीतिक भागबण्डका आधारमा राजदूत सिफारिस गर्ने सहमति गरेका थिए। सोहीअनुरुप एमाले, माओवादी र जसपाबाट ८ जना राजदूतहरू सिफारिस भएका हुन्।

# नेपाललाई १३४ मुलुकसँग व्यापार घाटा




झापा(प्रस) । नेपालको सबैभन्दा बढी व्यापार घाटा भारत र चीनसँग रहेको भन्सार विभागले जनाएको छ । विभागका अनुसार नेपालको १३४ मुलुकसँग व्यापार घाटा छ । विभागका अनुसार भारतसँग ८ अर्ब १३ करोड ७८ लाख रुपैयाँले व्यापार घाटा छ ।

भारतबाट ९ खर्ब ८ अर्ब २९ करोड रुपैयाँ बराबरको वस्तु आयात हुँदा ९४ अर्ब ५१ करोड ६२ लाख रुपैयाँ बराबरको वस्तु नेपालले निर्यात गरेको विभागले जनाएको छ । विभागका अनुसार चीनसँग २ खर्ब ७० अर्ब ४० करोड रुपैयाँले व्यापार घाटा छ ।
चालु आर्थिक वर्षको साउनदेखि जेठसम्म चीनबाट २ खर्ब ७२ अर्ब ८१ करोड रुपैयाँको वस्तु आयात हुँदा नेपालबाट २ अर्ब ४० करोड ९८ लाख रुपैयाँ बराबरको वस्तु निर्यात गरिएको छ ।
नेपालको युएईसँग २६ अर्ब ५ करोड ४२ लाख रुपैयाँ व्यापार घाटा छ । युएईबाट २८ अर्ब ४८ करोड २५ लाख रुपैयाँ बराबरको वस्तु आयात गर्दा नेपालले २ अर्ब ४२ करोड ८३ लाख रुपैयाँ बराबरको वस्तु निर्यात गरेको छ ।
भारत, चीन, युएई, युक्रेन, मलेसिया, अस्ट्रेलिया, अर्जेन्टिना, फ्रान्स, इन्डोनेसिया, साउदी अरब, कोरिया, थाइल्याण्ड, क्यानडा, सिंगापुर, ताइवान, ओमान, भियतनाम, जापानलगायत मुलुकसँग व्यापार घाटा छ ।

# भारतले लाने भयो रक्तचन्दन

झापा(प्रस) । नेपालमा अवैध ओसार पसार भई थन्किएर रहेको रक्तचन्दन भारतले फिर्ता लैजाने भएको छ ।
नेपाल सरकारको गत वैशाख २७ गते बसेको मन्त्रिपरिषद् बैठकले रक्तचन्दन फिर्ता गर्ने निर्णय गरेपछि भारतले रक्तचन्दन लिन तयार भएको हो । भारत सरकारले त्यससम्बन्धी निर्णयसहितको पत्राचार गरिसकेको छ । नेपाल सरकारले भारतलाई रक्तचन्दन फिर्ता गर्ने निर्णय गरेको ९० दिनभित्र भारतले लगिसक्नुपर्ने कानुनी व्यवस्था छ ।
वन तथा भूसंरक्षण विभागका महानिर्देशक शिवकुमार वाग्लेले भारतले रक्तचन्दन फिर्ता लिन पठाएको पत्र प्राप्त भएको जानकारी दिए । "भारतले रक्तचन्दन लिन इमेलमार्फत पत्र पठाएको छ । यही जुन २० देखि ३० तारिख अर्थात् असार ६ गतेदेखि असार १६ गतेसम्म रक्तचन्दन लिन्छौं भनेर पत्रमा भनिएको छ " उनले भने,"भारतले आफ्नै खर्चमा आफ्नो सहजतामा फिर्ता लैजाने छ ।"
मन्त्रिपरिषद् बैठकले भारतलाई रक्तचन्दन फिर्ता गर्ने निर्णय गरेपछि परराष्ट्रमार्फत भारतीय दूतावासलाई पत्र पठाएको थियो । भारतले गत साता मात्रै रक्तचन्दन फिर्ता लिन इच्छुक भएको भन्दै पत्र पठाएएको हो ।



अहिले १८ जिल्लामा एक लाख ७३ हजार ७१.७९२ केजी रक्तचन्दन काठ बरामद गरेर राखिएको छ । रक्तचन्दन थन्किएर राखिएका जिल्ला झापा, ताप्लेजुङ, काठमाडौँ, सिन्धुपाल्चोक, ललितपुर, भक्तपुर, काभ्रे, रसुवा, दोलखा, धादिङ, गोरखा,संखुवासभा, सप्तरी, सर्लाही, चितवन, नवलपरासी, कपिलवस्तु र बझाङ छन् । बरामद रक्तचन्दन नेपाल प्रहरी र सशस्त्र प्रहरीले सुरक्षा दिएर राखिएको छ ।
वन तथा वातावरण मन्त्राएका प्रवक्ता बद्रीराज ढुङ्गानाका अनुसार भारतले ललितपुरको फ्ल्यास फ्राइट लजिस्टिक कम्पनीमार्फत रक्तचन्दन फिर्ता लिन लागेको छ । "हामीले यो ठाउँमा यति परिमाणमा रक्तचन्दन छ भनेर जानकारी दिने छौँ । उनीहरूले आर्थिकलगायतको व्यवस्थापन गर्छन् । त्यसैबमोजिम नेपालले सहजीकरण गर्ने छ," उनले भने ।
२०६४ सालदेखि बरामद गरेर राखिएको रक्त चन्दन भारतलाई फिर्ता गर्ने प्रक्रियाले सार्थकता पाउन लागेको हो । नेपाल सरकारले चौथो पटक रक्तचन्दन फिर्ता गर्ने निर्णय गरेपछि बल्ल भारतले रक्तचन्दन फिर्ता लिन तयार भएको हो ।
२०६५ सालमा बसेको मन्त्रीपरिषद् बैठकले ५४ हजार ११२ केजी रक्तचन्दन भारतलाई फिर्ता गर्ने निर्णय गरेको थियो । तर ३६ हजार ९२८ किलो रक्तचन्दन मात्र फिर्ता गरिएको थियो । त्यसैगरी २०७१ फागुन १२ मा बसेको मन्त्रिपरिषद् बैठकले २७ हजार १६६ केजी रक्तचन्दन भारतलाई फिर्ता दिने निर्णय गरेको थियो ।
२०७६ साल पुस र २०८० साउनमा सरकारले भारतलाई फिर्ता दिने निर्णय भए पनि रक्तचन्दन फिर्ता हुन सकेको थिएन । भारतमा पाइने रक्तचन्दन नेपाललाई ट्रान्जिट प्वाइन्ट बनाउँदै चीनलगायत तेस्रो मुलुक निर्यात हुँदा बरामद भएको थियो ।

## कटहरी..

च्याउ स्पान वितरण, ५० प्रतिशत अनुदानमा हाइब्रिड मकै तथा गहुँको बीउ वितरण जस्ता कृषि उत्पादनमा आधारित कार्यक्रममा पालिकाले जोड दिएको छ । कार्यक्रममा बोल्दै कोशी प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री गणेशप्रसाद उप्रेतीले जनताको शक्ति स्थानीय सरकार भएकोले गाउँपालिकाले जनचाहनाका विषयलाई बजेटमा सम्बोधन गर्नुपर्ने उल्लेख गरे । स्थानीय सरकारलाई जस्तै प्रदेश र संघीय सरकारलाई पनि स्थायी रुपमा काम गर्न दिनुपर्ने बताउँदै स्थायी सरकार बन्न नसक्दा विकास निर्माणले गति लिन नसकेको धारणा राखे ।


## हिमालयन लाइफ इन्स्योरेन्स लि.

प्रधान कार्यालय, काठमाण्डौ, नेपाल
फोन नं. ४४४१४१४, ४४४१७७८, ४४४१६६४

### हकदावी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपशिलमा उल्लेख भएका बीमितहरुले बीमालेख हराएको/नासिएकोले प्रतिलिपि बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बिमालेख उपर कसैको हकदाबी भए सो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाणसहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपि बीमालेख जारी गरिने व्यहोरा समेत सम्बन्धित सबैको लागि जानकारी गराईन्छ ।

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १. | ULI1010000038 | गोविन्दप्रसाद निरौला | बिर्तामोड ,झापा |


## हिकोला...

सुरेशकुमार श्रेष्ठको रोहवरमा छलफल भएको थियो । छलफलमा मेचीनगर होटल व्यवसायी संघका वरिष्ठ उपाध्यक्ष मानबहादुर गिरी, अर्का घरधनी पशुपति दाहाल , होटल संचालक गौरव श्रेष्ठ पनि उपस्थित रहेका थिए । अदालतले आदेश दिइसक्दा पनि त्यसलाई कार्यान्वयन गराउन प्रहरी प्रशासनले सहयोग नगरेको होटल संचालक देवीभक्त श्रेष्ठको गुनासो छ ।

आफूले इलाका प्रहरी कार्यालय काँकडभिट्टाका डीएसपी मिमकुमार लामासंग पटक पटक सहयोगको लागि आग्रह गर्दासमेत उनले सहयोग नगरेको श्रेष्ठले गुनासो गरे । अदालतको आदेश कार्यान्वयन गराउने सवालमा देवानी मुद्धा भन्दै प्रहरी प्रशासन पन्छिदै आएको छ । अदालतको आदेश कार्यान्वयन गराउने सन्दर्भमा गृहमन्त्री रवि लामिछानेले निर्देशन दिएपछि मात्र प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बास्तोलाले पनि चासो राख्दै दुवै पक्षलाई अदालती आदेश पालना गर्न भनेको श्रेष्ठको भनाई छ ।
घरधनी र होटल सञ्चालकबीच घरभाडा सम्झौता कार्यान्वयनका विषयमा विवाद देखिएको हो । विवाद साम्य पार्न नगरपालिकाले मेची उद्योग वाणिज्य संघका अध्यक्ष खेम प्रसाई, डिल्लीराम घिमिरे, सुरेन्द्र बुढाथोकी, माधव अर्याल, न्यायिक समितिका सदस्य कुन्दन निरौलासहितको एउटा मध्यस्थता समिति गठन गरेको थियो ।

तर , त्यस समितिले निष्पक्ष रुपमा काम गर्न नसकेको आरोप छ । आइतवारको बैठकमा पनि अदालतको आदेश अनुसार निष्कर्ष ननिस्किएको खण्डमा काँकडभिट्टाको होटल हिकोला हेरिटेजमा आमसभा गरेर घरधनी दाहाललाई पनि सो होटल संचालन गर्न नदिने आफूहरुको कार्यक्रम रहेको श्रेष्ठले बताएका छन् ।


नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमिसुधार तथा मालपोत कार्यालय
भद्रपुर, झापा

## छुट जग्गा दर्ता सम्बन्धी ३५ दिने हकदावीको सूचना

झापा जिल्ला झापा साविक कुमरखोद हाल झापा गाँउपालिका २ श्री सहकारी संस्था लि हुउदेश्यीयले साविक कुमरखोद ९ साविक किन ८४ ज.वि १-४-१२ मध्ये हाल सहकारी के सरपट नापीकाट नापनक्सा भएको हाल कुमरखोद ९ सिट नं. १७९-०६६९ किनं ५३ क्षे.फ.०१२०.०० र किन ५४ क्षे.फ.०९१७.०२ सर्वे नापीमा छुट भएको भनि उक्त जग्गा मेरा नाउँमा दर्ता गरिपाउँ भनि निवेदन पर्न आएकोमा हाल किन ५४ को फिल्डबुकको व्यहोरामा सहकारी संस्था लिमिटेड झापा कुमरखोद उल्लेख भएको र कि.नं ५३ को फिल्डबुक महल खालि भएको, झापा गाउँपालिका २ न वडा को च.न.१७८१ मिति २०८१/२/२३ को निजके जोत भोग हो भनि सर्जमिन सिफारिस भई आएको हुदा, यस जग्गामा अरु कसैको हकदावीको प्रमाण भए यो सूचना प्रकाशित भएको मितिले बाटाको म्याद बाहेक ३५ दिन भित्र भुमि सुधार तथा मालपोत कार्यालय झापामा आफ्नो प्रमाण सहितको काग लिई आफै वा बारेश मार्फत हकदाविको उजुरी गर्नु होला अन्यथा कानून वमोजिम कारवाहि भई जाने व्यहोरा सबैको जानकारीको लागि सूचित गरिन्छ । इति सम्बत २०८१ साल अपार महिना ७ गते रोज६ शुभम् ।



## डेंगीबाट कसरी बच्ने ?

बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ ।

- लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- लामखुट्टे भगाउने उपाय अबलम्बन गरौं
- लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल-ढोकामा जाली लगाऔ ।
- सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- कुना–काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- कम्तीमा हप्ताको एक पटक एयर कुलर, पानी व्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



## जनहितमा जारी सूचना

नगरपालिकालाई बुझाउनुपर्ने घर, जग्गा र मालपोत दस्तुर व्यवसाय कर लगायत कर नियमित तिरौं ।

जन्म, मृत्यु, बसाइसराइ जस्ता व्यक्तिगत घटना ३५ दिनभित्र अनिवार्य दर्ता गरौं ।

सार्वजनिक सम्पति संरक्षणमा नगरपालिकालाई सहयोग गरौं ।

बिर्तामोड नगरपालिका
बिर्तामोड, झापा, कोशी प्रदेश


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# कति ऋणको भारी बोकाउँछौं ?

सरकारले जेठमा करिब ४३ अर्ब रुपैयाँ सार्वजनिक ऋण लिएको छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार जेठमा मात्रै सरकारले ३४ अर्ब रुपैयाँ आन्तरिक ऋण र करिब नौ अर्ब रुपियाँ बाह्य ऋण उठाएको हो । यससँगै सरकारले चालु आर्थिक वर्षको ११ महिनामा कुल तीन खर्ब सात अर्ब ६७ करोड रुपैयाँ सार्वजनिक ऋण प्राप्त गरेको छ ।

चालु आवमा प्राप्त कुल ऋणमध्ये अधिकांश आन्तरिक ऋणकै हिस्सा छ । कार्यालयका अनुसार जेठसम्म सरकारले दुई खर्ब २५ अर्ब रुपैयाँ आन्तरिक ऋण लिएको छ भने ८२ अर्ब ६७ करोड रुपैयाँ बाह्य ऋण लिएको छ । चालु आवमा सरकारले कुल चार खर्ब ५२ अर्ब ७५ करोड रुपैयाँ सार्वजनिक ऋण लिने लक्ष्य राखेको थियो ।

जसमध्ये दुई खर्ब ४० अर्ब रुपैयाँ आन्तरिक र दुई खर्ब १२ अर्ब ७५ करोड रुपैयाँ बाह्य ऋण लिने सरकारले लक्ष्य निर्धारण गरेको थियो ।

कुल लक्ष्यमध्ये जेठसम्म करिब ६८ प्रतिशत ऋण प्राप्त भएको कार्यालयले जनाएको छ । लक्ष्य अनुसार आन्तरिक ऋण करिब उठिसकेको भए पनि बाह्य ऋण लक्ष्यको ६० प्रतिशत नै उठ्न बाँकी छ ।

यावत् जीवेत् सुखं जीवेत् ऋणं कृत्वा घृतं पिबेत् अर्थात् ऋण काढेर पनि घिउ खाऊ । प्राचीन कालमै चार्वाक ऋषिले भनेका कुरा आजको समाजमा चाहिँ लागू छ । झन् पछिल्लो पुँजीवादी समाजलाई बजार र व्यापारले यसरी गाँजेको छ कि साधारणभन्दा भड्किलो जीवनशैली धेरैले पछ्याएका छन् । जानेर वा नजानेर ऋणै काढीकाढी पनि जीवनलाई सुखमय बनाउन यत्न गरिरहेका छन् । जीवनस्तर सर्वेक्षणको तथ्यांक २०७९/८० अनुसार व्यक्तिगत रूपमा ९७.३ प्रतिशत नेपालीले ऋण लिएका छन् । २.७ प्रतिशत नेपाली मात्रै ऋणविहीन छन् ।

खास गरी २०६६/६७ पछि ऋण लिने नेपाली बढेको देखिन्छ । त्यो बेलासम्म ६२.६ प्रतिशत नेपालीले मात्रै ऋण लिएका थिए । ऋणमा कस्तो प्रवृत्ति छ भने ४२.५ प्रतिशतले व्यक्तिगत रूपमा ऋण लिएका छन् । बैंकबाट ऋण लिनेहरूको संख्या भने क्रमशः बढ्दै गएको छ । मिटरब्याजीहरूमा भर पर्नेहरू कम भएका छन् । यो चाहिँ सुखद पक्ष हो । व्यक्तिगत रूपमा सरसापटी गरेर ऋण लिने भनेको घरखर्चलगायत घर व्यवहारका लागि हो । बैंकबाट ऋण लिन निश्चित प्रक्रिया पूरा गर्नुपर्छ । औपचारिक रूपमा नै प्रक्रिया पूरा गरेरमात्रै बैंकबाट ऋण पाइन्छ । बिनासित्ती बैंक ऋण पाइन्न । कुनै न कुनै प्रयोजन चाहिन्छ र ऋण लिन सक्ने र तिर्न सक्ने सामर्थ्य पनि बैंकले हेर्छ । तसर्थ बैंक ऋण लिने प्रवृत्तिलाई सकारात्मक रूपमा लिनुपर्छ ।

सर्वेक्षणले ऋणको उपयोग व्यक्तिगत काममा भएको देखाउँछ । जुन उत्पादनमूलक होइन । उपभोगका लागि मात्रै ऋण लिने प्रवृत्ति भनेको घिउ खान ऋण लिने भन्ने नै हो । जीवनस्तर सर्वेक्षण प्रतिवेदन २०७९/८० अनुसार आधाभन्दाले अन्य व्यक्तिगत प्रयोजनका लागि ऋण लिएको देखिएको छ । यस्तो प्रवृत्तिबाट उद्यमशीलताको विकास गर्दैन । ऋण लिनु आफैंमा खराब नभए पनि ऋण कुन प्रयोजनका लागि भन्ने नै मुख्य हो ।

Pratidin National Daily

प्रतिदिन



तपाईं जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै

ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# बालबालिकाप्रतिको संवेदनशीलता



• प्रेमनारायण भुसाल

काठमाडौं महानगरपालिकाले सिंहदरबारभित्र सञ्चालित क्यान्टिनमा कार्यरत बालबालिकाको उद्धार गरेका समाचारले प्राथमिकता पाए । सिंहदरबारभित्रै बाल श्रमशोषण भएको कुरामा किन कसैले आँखा नदेखेको होला भन्ने तर्क उठे । अनौपचारिक सेवाका क्षेत्र र सञ्चारको सुविधा एवं आमनागरिकलाई प्रवेशको अनुमति नदिइएका कलकारखानामा बालश्रमको शोषण भइरहेको छ भन्ने भाष्य सिर्जना भएको सन्दर्भमा सिंहदरबारभित्रै शोषणमा रहेका बालबालिका भेटिनु नौलो घटना हो ।

सिंहदरबार नेपालको सम्पूर्ण प्रशासनिक संयन्त्रको केन्द्र हो । विशेष काम नपरी र आधिकारिक परिचयपत्रबिना आमनागरिकले सिंहदरबार प्रवेश गर्न पाउँदैनन् । यस अर्थमा सिंहदरबार निकै सुरक्षित ठाउँ पनि हो । यहाँ कार्यरत बालश्रमिकले दिने सेवा सिंहदरबारभित्र सेवारत सरकारी कर्मचारीलाई नै हो । उनीहरूले सेवा ग्रहण गरिरहेको बेलामा बालश्रमका बारेमा किन चासो राखेनन् होला त ? सार्वजनिक सवारीसाधनमा यात्रा गरिरहेको बेलामा बालश्रम शोषण भएको अवस्था देखिए एक सचेत नागरिकले सवारीका कर्मचारीलाई त्यस्तो नगर्न अनुरोध गर्न सक्छ वा बालबालिकासम्बन्धी काम गर्ने निकायलाई जानकारी गराइदिन सक्छ । यसभन्दा बढी गर्न खोजियो भने मुठभेडको अवस्था सिर्जना हुन्छ तर सिंहदरबारभित्रको अवस्था त्यस्तो होइन । कानुन कार्यान्वयन गर्ने मुख्य अड्डाका हाकिमले खाजा खाने ठाउँमा बालबालिकाको श्रमशोषण भएको घटनामा कसैको ध्यान नजानुका पछाडि बाल अधिकारका कुरा संवैधानिक र कानुनी सन्दर्भमा भनिने कुरा मात्र रहेछन् भन्ने प्रमाणित हुन्छ । यसको तात्पर्य सिंहदरबारभित्र मात्र यस्तो श्रमशोषण भएको रहेछ भन्ने पटक्कै होइन । अहिले धेरै विद्यालयमा सञ्चालन गरिएका दिवा खाजा कार्यक्रम हुन् वा क्यान्टिन मात्रै किन नहुन् कुनै न कुनै रूपमा त्यहाँ बालबालिकाको श्रमशोषण भएको देखिन्छ । आफू समानका उमेरका विद्यार्थीलाई खाजा तयार गर्ने क्रममा आधारभूत शिक्षाको अवसरसमेत नपाएका बालबालिकाले श्रम गर्ने गरेका छन् । त्यहाँ न विद्यालयका व्यवस्थापन समिति र शिक्षक कर्मचारी न त विद्यार्थीसँग सम्बन्धित क्लबहरूको नै ध्यान पुगेको छ । बालबालिकाका अधिकारका लागि भनेर रकम खर्चिने गैरसरकारी संस्थाका सेमिनार र सभामा बालश्रमिकले खाजा पानीको व्यवस्था गरिरहेका घटनालाई सामान्य रूपमा लिन हाम्रा आँखा अभ्यस्त भइसकेका छन् । होटल र क्यान्टिनमा खाना बनाउनु, भाँडा माझ्नु र सेवाग्राहीलाई सन्तुष्ट पार्नु त उनीहरूको नित्य चल्ने काम हो भन्ने मानसिकता विकास भएपछि बालश्रम श्रम हो वा होइन भन्ने छुट्याउने विवेकको ढोका स्वतः बन्द हुँदोरहेछ ।

पछिल्लो समय सार्वजनिक सवारीसाधनमा बालबालिकाको प्रयोग केही कम भए पनि चर्चामा नरहेका अन्य सेवा क्षेत्रमा बालबालिकाको श्रमशोषण हुने गरेको छ । बालबालिका श्रमशोषणमा परिरहेको अवस्थामा पनि आमनागरिकले कुरा नउठाउनुका पछाडि उनीहरूको संरक्षकत्व, पुनर्स्थापना र व्यवस्थापन विषय मुख्य रूपमा रहेको छ । धेरै घटनामा जीवन निर्वाहका लागि श्रममा जोतिएका बालबालिकालाई श्रम क्षेत्रबाट छुटाउने हो भने उनीहरूको जीवन झनै दयनीय बन्ने छ । उनीहरूको संरक्षण गर्न राज्यले पर्याप्त लगानी गरेको छैन । न राम्रो किसिमको व्यवस्थापन नै गर्न सकेको छ । जबसम्म राज्यले संरक्षकत्व ग्रहण गरी शिक्षा, स्वास्थ्य र गाँसबास सुनिश्चित गर्दैन तबसम्म विद्यालयका क्यान्टिन, अनौपचारिक सेवा क्षेत्र र प्रशासनिक एकाइका क्यान्टिन, ट्वाइलेटलगायतका कार्यस्थलमा बालश्रमिकले छुटकारा पाउन सक्दैनन् ।

**कानुन भने अति प्रगतिशील**

नेपालले १४ सेप्टेम्बर १९९० मा बाल अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको अनुमोदन गरेपछि अन्तर्राष्ट्रिय जगत्सँग बाल अधिकारप्रति आधिकारिक प्रतिबद्धता जनाएको हो । उक्त प्रतिबद्धता कार्यान्वयन गर्ने क्रममा बालबालिकासम्बन्धी ऐन, २०४८ को निर्माण भई २०५० सालदेखि लागु भयो । बालबालिकाको हकहितको संरक्षण गरी तिनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकास गर्न समयानुकूल कानुनी व्यवस्था गर्ने उद्देश्यले पहिलो पटक संवैधानिक रूपमै नेपालको अन्तरिम संविधान २०६३ मा बाल अधिकारको व्यवस्था गरियो भने नेपालको संविधान २०७२ मा भाग ३ मौलिक हक र कर्तव्य अन्तर्गत धारा ३९ का विभिन्न १० उपधारामा बाल अधिकारलाई सुनिश्चित गरिएको छ ।

बालबालिकालाई बाल विवाह, गैरकानुनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न नपाइने व्यवस्था उपधारा ५ ले गरेको छ भने उपधारा ६ ले कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न नपाइने व्यवस्था गरेको छ ।

बालबालिकालाई भयरहित वातावरणमा रहन पाउने अधिकारलाई पनि संवैधानिक रूपमै व्यवस्था गरी दण्डरहित समाजको परिकल्पना गरिएको देखिन्छ । संविधानको धारा ३६ कै उपधारा ७ मा स्पष्ट रूपमा कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन भनिएको छ । प्रौढ व्यक्ति जस्तो कुनै मनसाय राखेर काम नगरी बालबालिकाले क्षणिक दृष्टिबाट मात्र विचार गरेर काम गर्ने तथा परिपक्व नभइसकेकाले पूर्ण दायित्व वहन गर्न पनि नसक्ने भएकाले बालबिज्याइँ वा बालबालिकामाथि भएका दुर्व्यवहारको न्याय निरूपण गर्दा बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिनुपर्ने कुरा उपधारा ८ मा बालबालिकाको हकका रूपमा व्यवस्थित गरेको छ ।

**आवश्यकता कार्यान्वयनको मात्र**

बाल्यावस्थामा श्रमशोषणमा परेका बालबालिकामा मनोसामाजिक समस्या देखा पर्छ । जसका कारण पछि असामाजिक र अराजक गतिविधिमा समेत संलग्न भई आफू स्वयम् र समाजलाई पनि क्षति पुऱ्याउने सम्भावना बढ्छ । यसैले राज्यले यस्ता बालबालिकाको संरक्षण एवं आधारभूत हकहितको व्यवस्था कानुनमा मात्र गरेर पुग्दैन, अनुगमन-नियमन तथा समस्यामा परेका बालबालिकाको उद्धार एवं संरक्षणको प्रभावकारी व्यवस्था गर्नु पर्छ । जोखिमयुक्त वा भविष्यमा समेत नराम्रो असर पर्ने काममा संलग्न गराउनबाट रोक्नका लागि र आधारभूत आवश्यकता परिपूर्तिका लागि राज्यले कानुनी र सामाजिक दायित्व पूरा गर्ने किसिमका संरचना तयार गर्नु पर्छ । संवैधानिक तथा कानुनी रूपमा गरिएका व्यवस्थालाई पूर्णतः कार्यान्वयनका लागि समाजको आर्थिक स्तर र चेतना महत्वपूर्ण पक्ष भएकाले राज्य तथा आमबौद्धिक समुदाय जनचेतना वृद्धिका लागि सक्रिय हुनुपर्ने अवस्था छ । बालबालिकाको सर्वाङ्गीण विकास तथा सीमान्तीकृत र गरिबीको रेखामुनि रहेका बालबालिकाको स्वास्थ्य, शिक्षा र पोषणको व्यवस्था गर्न सके मात्र बालश्रम मुक्त समाजको निर्माण गर्न सकिन्छ ।

संवैधानिक रूपमा व्यवस्था गरिएका अधिकार बालबालिकालाई प्रदान गरेर र ती अधिकार प्रयोग गर्न सक्ने वातावरण सिर्जना नगर्ने हो भने र कानुनको उद्देश्य पूरा नगर्ने हो भने बालश्रम उन्मूलन हुन सक्छ कागजमा मात्र, व्यवहारमा सबैतिर कलिला बालबालिका श्रमशोषणमा परिरहेका हुने छन् ।

# परिष्कृत बन्दै संविधान



• विकास भट्टराई

विगतमा न्यायपालिका र कार्यपालिका तथा न्यायपालिका र व्यवस्थापिकाबिच द्वन्द्व देखिए पनि हाल यी निकायबिच विवाद छैन भने पनि हुन्छ । राजनीतिक पार्टी तथा पार्टीका नेताबिच विवाद भई त्यसमा संवैधानिक तथा कानुनी प्रश्न तेर्सिएर समस्या भने उत्पन्न भएका छन् । यस्ता विवाद भने न्यायालयमा हाल केही बढी छन् । विगतमा यस्ता विवाद जति आउँथे, हालको समयमा त्यसभन्दा बढी न्यायालयमा दर्ता भएको देखिन्छ ।

नेपालको संविधान निर्माण भए यता हाल संविधानको राजनीतिक मिश्रित व्याख्या हुने क्रम जारी छ । सुरु सुरुमा संविधानको व्याख्या हुने क्रम केही कम भए पनि हाल केही समय यता बढ्दो छ । सर्वोच्च अदालतले मौलिक हकलगायत संविधानमा रहेका अन्य विषयमा त हरेक दिनजसो व्याख्या गरिरहेको पाइन्छ तर राजनीतिक मिश्रित संवैधानिक प्रावधान भने सामान्यतया हरेक दिनजसो व्याख्या गरिएको हुँदैन । यस्तो विवाद विशेष गरी २०७७ सालदेखि सर्वोच्च अदालतमा बारम्बार गएको देखिन्छ । सरकार गठन गर्ने, प्रतिनिधि सभा विघटन गर्ने जस्ता राजनीतिक मिश्रित विवाद पहिले पनि हुन्थे । अर्थात् नेपाल अधिराज्यको संविधान, २०४७ मा भएका प्रावधानका व्याख्या पनि सर्वोच्च अदालतले धेरै गरेको थियो ।

संविधानमा भएका प्रावधानको जति बढी व्याख्या भयो, उति बढी संविधान परिष्कृत हुँदै जान्छ । अमेरिका र भारतका संविधानलाई त्यहाँका अदालतले धेरै व्याख्या गर्दा हालसम्म टिकाउ भइरहेका छन् । नेपालको संविधानलाई पनि विशेष गरी २०७७ सालदेखि विवादित विषयमा सर्वोच्च अदालतले व्याख्या गर्दै आएको छ । २०७७ सालमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधि सभा विघटन गरेको विवादमा सर्वोच्च अदालतले के कस्तो अवस्थामा त्यस्तो सभा विघटन गर्न मिल्छ वा मिल्दैन भनेर व्यापक रूपमा व्याख्या गरेको छ । यसै गरी प्रदेश सरकारको बारेमा पनि सर्वोच्च अदालतले सम्बन्धित प्रावधानको व्याख्या गर्ने क्रम जारी राखेको छ । केही प्रावधान व्याख्या गरिसकेको छ भने केही विवादित विषयमा व्याख्या गर्ने क्रम जारी छ । यसले गर्दा संघीय संसद् तथा प्रदेश सभा र सङ्घीय सरकार तथा प्रदेश सरकारसँग सम्बन्धित प्रावधान परिष्कृत भइरहेका छन् । यस्ता विवाद केही सर्वोच्च अदालतको संवैधानिक इजलासले सुनुवाइ गरी आफ्नो धारणा बनाएको छ भने केही विवाद पूर्ण इजलास वा संयुक्त इजलासले सुनुवाइ गरी व्याख्या र विश्लेषण गरेको छ । जुनसुकै इजलासले सुनुवाइ गरेको भए पनि नेपालको संविधान व्याख्या र विश्लेषणको माध्यमबाट परिष्कृत हुँदै/बन्दै गएको छ । यसले गर्दा संविधान टिकाउ भई जनताको विश्वासयोग्य हुन सहयोग पुगेको देखिन्छ । यो संविधानको बारेमा बेलाबेलामा नकारात्मक टिप्पणी सुन्न परेको अवस्थामा सर्वोच्च अदालतले विवादित प्रावधानको व्याख्या गरी त्यस्ता टिप्पणीकारलाई सकारात्मक सन्देश दिन पनि केही हदसम्म सफल भएको मान्नु नै पर्छ ।

नेकपा (एमाले) का अध्यक्ष तथा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले दुई पटक प्रतिनिधि सभा विघटन गर्नु भएको विरुद्ध परेको रिट निवेदनमा सर्वोच्च अदालतले नेपालको संविधानको धारा ७६ बृहत् रूपमा व्याख्या गरेको छ । २०७४ सालको प्रतिनिधि सभाको निर्वाचन भएपछि कुनै पनि पार्टीको बहुमत नआएका कारण नेपालको संविधानको धारा ७६ (२) बमोजिम सरकार गठन भएको थियो । नेकपा (एमाले) ले सरकारको नेतृत्व गरिरहेको अवस्थामा तत्कालीन नेकपा (माओवादी) पार्टीसँग एकीकरण भएको थियो । त्यसपछि ओलीको नेतृत्वको सरकारलाई सर्वोच्च अदालतले धारा ७६ (१) बमोजिमको सरकार भएको भनी व्याख्या गरेको छ । यदि दुई वा दुईभन्दा बढी दल मिलेर धारा ७६ (२) बमोजिम सरकार चलाइरहेको अवस्थामा दुई दल वा सोभन्दा बढी दल एकीकरण भई बहुमत पुग्न गएमा सो सरकार धारा ७६ (१) बमोजिमको सरकार हुनेछ भनी सर्वोच्च अदालतले व्याख्या गरेको छ । धारा ७६ (१) मा यस्तो लेखिएको छ- 'राष्ट्रपतिले प्रतिनिधि सभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्ने छ र निजको अध्यक्षतामा मन्त्रीपरिषद् गठन हुनेछ ।' यसै गरी उपधारा (२) मा उपधारा (१) बमोजिम प्रतिनिधि सभामा कुनै पनि दलको स्पष्ट बहुमत नरहेको अवस्थामा प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रतिनिधि सभाको सदस्यलाई राष्ट्रपतिले प्रधानमन्त्री नियुक्त गर्ने छ भन्ने व्यवस्था छ । राजनीतिमा जे पनि हुन सक्छ भन्ने कुरा जगजाहेर छ । नेपालको सन्दर्भमा भन्ने हो भने राजनीतिक दलहरू एकअर्कामा समायोजन हुने र टुक्रिने क्रम जारी रहन्छ । दुई वा दुई दल मिली नेपालको संविधानको धारा ७६ (२) बमोजिम सरकार बनाएको अवस्थामा दुई वा सोभन्दा बढी दल समायोजन भई बहुमत पुगेको अवस्थामा अब त्यस्तो दलले बनाएको सरकार धारा ७६ (१) बमोजिम हुने भएको छ । सर्वोच्च अदालतको यो व्याख्या अब सदाका लागि हुने भएको छ ।

सर्वोच्चको आदेशमा भनिएको छ, 'नेपालको संविधानको धारा ७६ (२) अनुसारको सरकार गठन गर्न प्रधानमन्त्री नियुक्त गरिएको देखिए पनि मिति २०७५ साल जेठ ३ मा दुई पार्टी एकीकरण भई मिति २०७५ जेठ ५ मा सम्माननीय प्रधानमन्त्री संयुक्त संसदीय दलको नेता चुनिनु भएपछि उहाँको हैसियत धारा ७६ को उपधारा (१) बमोजिमको बहुमत प्राप्त प्रधानमन्त्रीको रूपमा परिवर्तन भएको तथ्यगत रूपमा देखिएको छ ।' यसै गरी सोही विवादमा प्रतिनिधि सभाले सरकार बनाउने हैसियत राखेसम्म प्रतिनिधि सभा विघटन गर्न नसक्ने भनी व्याख्या पनि भएको छ । यसको मतलब धारा ७६ (१) र (२) बमोजिमको सरकारले प्रतिनिधि सभा विघटन गर्न सक्दैन भन्ने हो किनभने त्यहाँ उपधारा (३) र (५) बमोजिमको सरकार गठन गर्ने विकल्प रहेकै हुन्छ । नेपालको अधिराज्यको संविधान, २०४७ बमोजिम नियुक्त भएको प्रधानमन्त्रीलाई भने प्रतिनिधि सभा विघटन गर्ने असीमित अधिकार थियो ।

हालका समयमा प्रदेश सरकार गठनसँग सम्बन्धित विवादहरू सर्वोच्च अदालतमा आइरहेका छन् । विशेष गरी कोशी र गण्डकी प्रदेशका सरकार गठनसँग सम्बन्धित विवाद छन् । गण्डकी प्रदेशमा ६० सदस्य छन् । उक्त प्रदेशका मुख्य मन्त्रीले विश्वासको मत लिने बेलामा साठी सदस्यमध्ये उपस्थित ५९ जनाले मत दिए पनि बहुमत पुऱ्याउन ३० मत ल्याउनु पर्ने हो या सोभन्दा बढी संख्या पुऱ्याउनु पर्छ भन्ने विवाद उठेपछि त्यसलाई सर्वोच्च अदालतले छिनोफानो गरिदिनु परेको थियो । यसै गरी विश्वासको मत लिँदा धारा १८६ बमोजिम लिने कि धारा १८८ को उपधारा (३) बमोजिम लिने भन्ने पनि विवाद उठेको थियो । यी दुई विवादमा सर्वोच्च अदालतले आफ्नो धारणा स्पष्ट गरी आदेश (फैसला) गरेका कारण भविष्यमा यस्ता विवाद आएमा मार्गदर्शन हुने निश्चित भएको छ । सर्वोच्च अदालतले विश्वासको मत लिँदा प्रदेश सभामा भएका सम्पूर्ण सदस्यको बहुमत हुनुपर्ने गरी निर्णय गरिदियो । अर्थात् गण्डकी प्रदेश सभामा सम्पूर्ण ६० सदस्यमध्ये बहुमत पुऱ्याउन ३१ मत ल्याउनु पर्ने गरी निर्णय गरेको छ ।

यसै गरी दोस्रो प्रश्नको विवादको निर्णय गर्दै सर्वोच्च अदालतले विश्वासको मत लिँदा धारा १८६ बमोजिम होइन कि धारा १८८ को उपधारा (३) बमोजिम प्रयास गर्नुपर्ने आदेश (फैसला) गरेको छ । धारा १८६ मा 'प्रदेश सभामा निर्णयका लागि प्रस्तुत गरिएको जुनसुकै प्रस्तावको निर्णय उपस्थित भई मतदान गर्ने सदस्यको बहुमतबाट हुने छ' भन्ने प्रावधान रहेको छ । त्यस्तै धारा १८८ को उपधारा (३) मा 'उपधारा (१) र (२) बमोजिम पेस भएको प्रस्ताव प्रदेश सभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको बहुमतले पारित हुन नसकेमा मुख्यमन्त्री आफ्नो पदबाट मुक्त हुने छ' भन्ने व्यवस्था छ । धारा १८६ मा प्रदेश सभामा उपस्थित भएका सम्पूर्ण सदस्यको बहुमत भनेको छ भने धारा १८८ को उपधारा (३) मा प्रदेश सभामा जति पनि सदस्य कायम छन्, ती सबैका बहुमत भनिएको हो । यस कारण धारा १८६ बमोजिम आफूले विश्वासको मत लिएको भनी जिकिर लिएको भए पनि तत्कालीन मुख्यमन्त्री खगराज अधिकारीले लिएको विश्वासको मत गैरसंवैधानिक भएको भनी हालका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेलाई मुख्यमन्त्री नियुक्त गर्न सर्वोच्च अदालतले परमादेशको आदेश जारी गरेको हो ।

कोशी प्रदेशमा हिक्मत कार्कीलाई मुख्यमन्त्री नियुक्त गरिएको विषय हाल विचाराधीन अवस्थामा छ । नेपालको संविधानको धारा १६८ को उपधारा (५) बमोजिम बनेको मुख्यमन्त्रीले एक पटक विश्वासको मत लिएपछि पुनः लिनु नपर्ने र सङ्कल्प प्रस्तावले विश्वासको मत लिन दिएको निर्देशन संविधान विपरीत भएको दाबी गरी तत्कालीन मुख्यमन्त्री केदार कार्कीद्वारा दायर गरिएको रिट निवेदन हाल विचाराधीन अवस्थामा छ । यो विवादमा कोशी प्रदेशमा ल्याइएको सङ्कल्प प्रस्ताव संविधानसम्मत हो कि होइन, धारा १६८ को उपधारा (५) बमोजिम बनेको सरकारले पुनः विश्वासको मत लिनु पर्छ वा पर्दैन, धारा १६८ को उपधारा (५) बमोजिम एक पटक सरकार निर्माण भएपछि पुनः सोही उपधारा (५) बमोजिम सरकार गठन हुन सक्छ वा सक्दैन, प्रदेश सभालाई सङ्कल्प प्रस्तावलाई प्रदेश प्रमुखसमक्ष पठाउन सक्ने हैसियत राख्छ वा राख्दैन भन्ने जस्ता प्रश्न उब्जिएका छन् । पूर्ण इजलासमा विचाराधीन अवस्थामा रहेको यो विवाद समाधान भएपछि भविष्यमा यसले मार्गनिर्देश गर्ने छ ।

राजनीतिक मिश्रित संवैधानिक विवादलाई सर्वोच्च अदालतले समाधान गर्दै जाँदा नेपालको संविधान परिष्कृत हुँदै गएको छ । संविधान परिष्कृत हुँदै गएमा राजनीतिक गतिविधि पनि सकारात्मक हुँदै जान्छ । राजनीतिक गतिविधि सकारात्मक भएमा देशमा आर्थिक, सामाजिक, सांस्कृतिकलगायत हरेक क्षेत्रमा सुधारका सङ्केत देखा पर्छन् । यस कारण संविधानको व्याख्या र देशमा हुने सुशासन एकअर्काका पूरक हुनभन्दा फरक पर्दैन ।

# सप्तरीमा व्यवसायीको हत्या



झापा(प्रस) । अंगालोमा बाँधिएर एक आपसमा शुभकामना आदानप्रदान गर्ने पर्व बकर इद अर्थात् इद ऊल जोहाकै दिन फलामको हतियारले गरेको प्रहारबाट घाइते राजविराजका एक युवकको शुक्रबार मृत्यु भएको छ।

झडपमा घाइते भएका राजविराज नगरपालिका-४ का ३२ वर्षीय औरंगजेब मियाको उपचारका क्रममा विराटनगरस्थित नोबेल अस्पतालमा मृत्यु भएको हो। राजविराज नगरपालिका-२ राजदेबी टोलस्थित रोयल इनफिल्ड राजविराज अटोमोबाइलका प्रोपाइटर उनी बुलेट मोटरसाइकलका डिलर हुन्। मृतकका श्रीमती र काखे शिशुसहित दुई नाबालक सन्तान छन्।

मृतकका बुबा हबिब मियाले दिएको उजुरीका आधारमा आरोपित राजविराज-३ का ४६ वर्षीय मो. नसिर पक्राउ परेका छन्। नसिर पनि रेडिमेड कपडा व्यापारी हुन्। अन्य आरोपितहरू राजविराज-३ का ३५ वर्षीय मो. इर्शाद, राजविराज-२ का २७ वर्षीय असलम मिया र सप्तरीकै राजगढ गाउँपालिका-६ का २५ वर्षीय मो. मिन्टु फरार रहेका छन्। राजविराज नगरपालिका-३ स्थित माछा हटियामा घटना भएको हो।

सोमबार सबै जना बिहान सबेरै उठेर नुहाइ धुवाई गरी शुद्ध भएर खुला स्थान र मस्जिदहरूमा गई नमाज पढे। भेटिएकाहरले अंगालोमा बाँधिएर एक आपसमा शुभकामना आदानप्रदान गरे। आफ्नो परम्परागत पोशाक लगाएर शुभेच्छा, मिठा परिकार तथा प्रार्थनाहरू एकापसमा साटासाट गरे। इस्लाम धर्मावलम्बीहरुमा बकर इदका दिन नवाज पढेर घर फर्किएपछि खसी, बाख्रा, राँगा र भैंसीको कुर्बानी (वली) दिने परम्परा छ। तीन दिनसम्म मनाइने यो पर्वमा बली दिइएको पशुको मासु तीन भाग लगाइन्छ, त्यसमध्ये एक भाग आफ्नो लागि अर्को एक भाग आफ्ना नजिकका मित्रलाई र अन्तिम तेस्रो भाग गरिब तथा असहायलाई दिने गरिन्छ।

कुर्बानी (वली) दिइनु अघि मौलबीले मन्त्रोच्चारण गर्नुपर्छ। राजविराज नगरपालिका-३ का मो. नसिरले चाडपर्वलगायत अन्य कुनै पनि अवसरमा मस्जिदका लागि चन्दा नदिएको आरोप लगाउँदै उनका घरमा मौलबीलाई जान रोक लगाइन्छ। यसै विषयमा झगडा र विवाद हुन्छ। नसिरले मस्जिद कमिटीलाई गालीगलौज गर्छन् भने पीडित पक्षले मस्जिदलाई सहयोग नगर्ने भए मौलवी किन चाहियो भनेर गालगलौजमै उत्तर फर्काउँछन्।

नसिरका घरमा पनि दावत (भोज) खान भनेर बोलाइएका उनका भाञ्जा लगायतका आफन्तहरू बाहिर निस्केर विवाद गर्छन्। दुबै पक्षबीच झडप हुन्छ। यसै क्रममा फलामको रडलगायतले टाउको लगायतमा प्रहार गर्दा औरंगजेब र सजाद घाइते हुन्छन्। सजादको राजविराजस्थित छिन्नमस्ता अस्पतालमा उपचार हुन्छ। औरंगजेबको उपचार हुन नसकी विराटनगर पठाइन्छ। उपचारकै क्रममा चार दिन पछि औरंगजेबको शुक्रबार मृत्यु हुन्छ।

ज्यान मार्ने उद्योगमा दर्ता भएको उक्त मुद्दा शुक्रबार मृत्युको समाचार आएपछि कर्तव्य ज्यानमा परिणत भएको सप्तरीका प्रहरी प्रमुख प्रहरी उपरीक्षक गजु सिद्दी ब्रजाचार्यले बताए।

# बजेट पार्न कांग्रेस कार्यकर्तालाई निर्देशन



बिर्तामोड(प्रस) । नेपाली कांग्रेस झापाले स्थानीय तहमा योजना छनौट गरी बजेट पुस्तिकामा समावेश गराउने कार्यमा क्रियाशील रहन नेपाली कांग्रेस पालिकास्तरीय समन्वय एवं सहजीकरण समिति र पार्टी संगठनलाई निर्देशन दिएको छ ।

नेपाली कांग्रेस जिल्ला कार्यसमिति झापाका सभापति देउकुमार थेवेको सभापतित्वमा शुक्रवार सम्पन्न बैठकले स्थानीय तहको नीति निर्माण एवं बजेट तर्जुमा कार्य भइरहेको हुँदा वडा एवं नगरस्तरका योजनाहरु बजेटमा समावेश गराउने कार्यमा क्रियाशील हुन निर्देशन दिएको पार्टीका उपसभापति शेरबहादुर भट्टराइले जानकारी दिए । स्थानीय तहमा असार १० भित्र नीति तथा योजना पेश गर्नुपर्ने र असार २५ भित्रमा बजेट सार्वजनिक गर्नुपर्ने संवैधानिक ब्यवस्था छ । पालिकाहरुमा नीति तथा बार्षिक कार्ययोजना र बजेटका लागि योजनाहरु छनौट भइरहेका बेला नेपाली कांग्रेस झापाले यस्तो निर्देशन दिएको हो ।

बैठकले विपद्मा परेका जनताको उद्धार, राहत एवं पुनर्स्थापनामा खटिन सबै तहका नेता कार्यकर्ता एवं भ्रातृ संस्थाहरुलाई आह्वान गरेको छ । बर्षादका समयमा झापा भएर बग्ने नदी एवं खोलाहरुबाट डुवान र कटानका कारण नागरिकहरुले भौतिक एवं मानवीय क्षति तथा विस्थापनसम्मका घटना बेहोर्नुपरेकोप्रति सचेत रहँदै उद्दार, राहत र पुनर्स्थापनामा यथासक्य सहयोग गर्न सबै तहका नेता-कार्यकर्तालाई आह्वान गरेको नेपाली कांग्रेस झापाका उपसभापति केशवराज पाण्डेले जानकारी दिए ।

बैठकले आगामी भदौ १५ गतेभित्र पार्टीको क्रियाशील सदस्यता नवीकरण सम्पन्न गरी जिल्लामा सिफारिस गरिसक्न मातहत तहमा सर्कुलर गर्ने निर्णय गरेको छ ।

जसअन्तर्गत वडा तहमा आगामी साउन २० गतेसम्ममा क्रियाशील सदस्यता नवीकरण सम्पन्न गर्न आह्वान गरेको बैठकले साउन मसान्तसम्ममा नगरबाट प्रदेशसभा क्षेत्रमा, भदौ सातासम्ममा प्रदेशसभा क्षेत्रबाट क्षेत्रीय समितिमा र भदौ १५ भित्र क्षेत्रीय समितिबाट जिल्ला समितिमा क्रियाशील सदस्यता नवीकरण गरी सिफारिस गरिसक्न आह्वान गरेको जिल्ला सचिव कृष्ण हुमागाईले जानकारी दिए ।बैठकमा समसामयिक राजनीतिक विषयमा जिल्ला सदस्य राम कट्टेल, विष्णु सुब्बा, इन्द्र कार्की, दुर्गाप्रसाद सापकोटा, डम्बर बन, नारायणप्रसाद पौडेल, राजेन्द्र रिजाल, रमेश पोखरेल, मखना महतो, ओमकृष्ण विमली, देवीभक्त निरौला, पर्शुराम रिजाल, पुण्यप्रसाद सिग्देल, धनबहादुर राई, पर्शुराम ढुङ्गाना, लेखराज सुवेदी, लीला ढकाल, लीला मैनाली, धर्म लक्सम्बा, इन्द्र बुढाथोकी, खगेन्द्र मैनालीलगायतले आ-आफ्ना धारणा राखेका थिए ।

# भद्रपुरमा तीनदिने निःशुल्क आँखा शिविर



भद्रपुर(प्रस) । भद्रपुरमा शल्यक्रियासहितको तीनदिने निःशुल्क आँखा शिविर सम्पन्न भएको छ । सरिया परिवारको आयोजना तथा मेची आँखा अस्पताल बिर्तामोडको प्राविधिक सहयोगमा तीनदिने निःशुल्क आँखा शिविर सञ्चालन भएको हो । भद्रपुर आँखा उपचार केन्द्र भद्रपुर ५ स्थित देवीवस्तीमा असार ५ बुधवारदेखि संचालन भएको आँखा शिविर असार ७ गते शुक्रवार सम्पन्न भएको हो । आँखा शिविरमा ८ सय ५० जनाले सेवा लिएका छन् ।

शविरको पहिलो दिन ३२ , दोस्रो दिन ४२ र अन्तिम तथा तेस्रो दिन ४२ जना गरी जम्मा १ सय १६ जना मोतियाविन्दु र जलविन्दुका समस्या भएका विरामीहरुको निःशुल्क अप्रेशन गरिएको मेची आँखा अस्पतालकी कविता कार्कीले जानकारी दिइन् । शिविरबाट अति विपन्न, दलित तथा पछाडि परेका समुदायका नागरिकलाई प्रत्यक्ष लाभ पुगेको कार्कीको भनाई छ ।

# कटहरी गाउँपालिकाको बजेट पाँच करोड घट्यो

झापा(प्रस) । मोरङको कटहरी गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८१-०८२ का लागि ५० करोड ८२ हजार रुपियाँको अनुमानित बजेट सार्वजनिक गरेको छ। पालिकाको दोस्रो गाउँसभा तथा पाँचौ अधिवेशनमा गाउँपालिकाका उपाध्यक्ष सीतादेवी राजवंशीले बिहीबार बजेट सार्वजनिक गरेकी हुन् ।

यो बजेट चालु आवको तुलनामा ५ करोड ४८ लाख ९९ हजार १ सय रुपियाँले कम हो । चालु खर्चतर्फ ११ करोड ६८ लाख ८४ हजार रुपियाँ र पुँजीगत खर्चमा ३८ करोड ३१ लाख ९८ हजार रुपियाँ विनियोजन गरिएको छ । चालु आवमा कटहरी गाउँपालिकाले चालु खर्चमा १० करोड ४७ लाख ६८ हजार विनियोजन गरेको थियो भने पुँजीगत खर्च ४४ करोड ७५ लाख १३ हजार १ सय रुपियाँ विनियोजन गरेको थियो । पालिकाले चालु आवमा विकास खर्च र सञ्चालन खर्च दुबै घटाएको छ । राजश्व बाँडफाँट र समानीकरण अनुदानको रकम घटेर आएकोले बजेटको अङ्क घटेको हो ।

गाउँपालिकाका अध्यक्ष देवराज चौधरीले आगामी वर्षका वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दै कटहरी गाउँपालिका कृषिमा आधारित पालिका भएकाले नीति तथा कार्यक्रमा कृषिक्षेत्रलाई महत्व दिएको बताए । उनले आगामी आर्थिक वर्षमा दुई हजार हेक्टर जग्गामा थप सिँचाइ सुविधा पुर्‍याउने लक्ष्य सहित विभिन्न वडाहरूमा डिप ट्यूबवेल तथा मोटरपम्प जडान गरिने बताए ।

कृषिलाई कटहरीको आकर्षण, कृषिमा आधारित पर्यटन भन्ने सोचलाई सार्थक बनाउन कृषिमा आधुनिकीकरण तथा यान्त्रिकीकरण गरी उत्पादन बढाइने अध्यक्ष चौधरीले बताए । व्यावसायिक तुलसी खेतीको सुरुवात, तोरी पकेट क्षेत्र विस्तार कार्यक्रम, शतप्रतिशत अनुदानमा धानको बीउ वितरण, तरकारी मिनीकिट तथा

❖ बाँकी अन्तिम पृष्ठमा

# जेठमा सरकारले लियो त्रिचालिस अर्ब ऋण

झापा(प्रस) । सरकारले जेठमा करिब ४३ अर्ब रुपियाँ सार्वजनिक ऋण लिएको छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार जेठमा मात्रै सरकारले ३४ अर्ब रुपियाँ आन्तरिक ऋण र करिब नौ अर्ब रुपियाँ बाह्य ऋण उठाएको हो । यससँगै सरकारले चालु आर्थिक वर्षको ११ महिनामा कुल तीन खर्ब सात अर्ब ६७ करोड रुपियाँ सार्वजनिक ऋण प्राप्त गरेको छ ।

चालु आवमा प्राप्त कुल ऋणमध्ये अधिकांश आन्तरिक ऋणकै हिस्सा छ । कार्यालयका अनुसार जेठसम्म सरकारले दुई खर्ब २५ अर्ब रुपियाँ आन्तरिक ऋण लिएको छ भने ८२ अर्ब ६७ करोड रुपियाँ बाह्य ऋण लिएको छ । चालु आवमा सरकारले कुल चार खर्ब ५२ अर्ब ७५ करोड रुपियाँ सार्वजनिक ऋण लिने लक्ष्य राखेको थियो ।





जसमध्ये दुई खर्ब ४० अर्ब रुपियाँ आन्तरिक र दुई खर्ब १२ अर्ब ७५ करोड रुपियाँ बाह्य ऋण लिने सरकारले लक्ष्य निर्धारण गरेको थियो ।

कुल लक्ष्यमध्ये जेठसम्म करिब ६८ प्रतिशत ऋण प्राप्त भएको कार्यालयले जनाएको छ । लक्ष्य अनुसार आन्तरिक ऋण करिब उठिसकेको भए पनि बाह्य ऋण लक्ष्यको ६० प्रतिशत नै उठ्न बाँकी छ ।

ऋणको साँवा र ब्याज भुक्तानी नियमित पछ्याइरहेको कार्यालयले जेठसम्म आन्तरिक ऋणबापत दुई खर्ब २७ अर्ब १९ करोड रुपियाँ साँवा र ब्याज भुक्तान गरेको छ ।

जसमध्ये एक खर्ब ६१ अर्ब ६२ करोड रुपियाँ साँवा र ६५ अर्ब ५७ करोड रुपियाँ ब्याज भुक्तान भएको छ । त्यस्तै बाह्य ऋण लिएबापत सरकारले ४३ अर्ब ९९ करोड रुपियाँ साँवा र ब्याज भुक्तान भएको कार्यालयले जनाएको छ । जसमध्ये ३५ अर्ब ७० करोड रुपियाँ साँवा र आठ अर्ब २९ करोड रुपियाँ ब्याज भुक्तान भएको छ ।

खर्च स्रोतका रूपमा राजस्वले अपुग हुने भएपछि सरकारले ऋण लिने प्रवृत्ति पछिल्ला वर्षमा बढ्न थालेको छ । अहिलेसम्म सरकारले तिर्नुपर्ने सार्वजनिक ऋणको दायित्व २४ खर्ब रुपियाँ नाघिसकेको छ । जसमध्ये आन्तरिक ऋणको दायित्व ११ खर्ब ९२ अर्ब र बाह्य ऋणको दायित्व १२ खर्ब १७ अर्ब रुपियाँ रहेको छ ।

सरकारले आन्तरिक ऋण उठाउन आवधिक ट्रेजरी बिल, विकास ऋणपत्र, नागरिक बचतपत्र, वैदेशिक रोजगारी बचतपत्र निष्कासन गर्छन् । जसमध्ये वैदेशिक रोजगारी बचतपत्रलाई सबैभन्दा धेरै नौ प्रतिशत, नागरिक बचतपत्रलाई आठ प्रतिशत, विकास ऋणपत्रलाई अधिकत छ प्रतिशत र ट्रेजरी बिलमा ३.७१ प्रतिशत ब्याजदर भुक्तान गरिरहेको छ । यसबाहेक बाह्य ऋणबापत सरकारले अधिकतम १.५ प्रतिशत भुक्तान गरेको कार्यालयले जनाएको छ ।

# दुर्घटनामा घाइते वडाध्यक्षको मृत्यु

झापा(प्रस) । दुर्घटनामा परी घाइते भएका उदयपुरको वेलका नगरपालिका-९ का वडाध्यक्ष ४४ वर्षीय पदम खड्काको उपचारका क्रममा मृत्यु भएको छ।

काठमाडौंको नर्भिक अस्पतालमा वडाध्यक्ष खड्काको उपचारको क्रममा बिहीबार राति ११:५५ बजे मृत्यु भएको अस्पतालले जनाएको छ।



गत जेठ ३० गते मोटरसाइकल दुर्घटनामा परेका खड्कालाई सुरूमा उपचारका लागि धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रष्तिष्ठान लगिएको थियो।

टाउकोमा गम्भीर चोट लागेका उनलाई थप उपचारका लागि जेठ ३१ गते हेलिकप्टरमा नर्भिक अस्पताल ल्याइएको थियो।

खड्काको शव पोस्टमार्टमका लागि महाराजगंजस्थित टिचिङ अस्पताल लगिएको छ ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
बिर्ता सेफ्टी तथा ढल सफाइ।
SERVICES
सम्पर्क:
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन
PRATIDIN NATIONAL DAILY
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

MANAV DENTAL HOSPITAL Pvt.Ltd.
Estd:2065
ANARMANI-3,BIRTAMODE
मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे : ९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## आजको राशिफल

**मेष**: आज रोकिएका काम पुनः सुरु हुन सक्छन् । महिला वा मित्रबाट विशेष सहयोग

**वृष**: आज जुक्तिको प्रयोग गर्न सके एकपछि अर्को अवसर आउने छ ।

**मिथुन**: अधुरो या नयाँ कार्यको थालनी पनि हुनेछ । आर्थिक कारोबार भने कमजोर रहनसक्छ

**कर्कट**: मालसामान हराउन सक्छ । सानातिना समस्यामा अल्झनुपर्नेछ ।

**सिंह**: । रोकिएको धन हात पर्ला क्रोध, प्रतिशोध, रिसराग र उत्तेजना नियन्त्रण गर्नु राम्रो हुनेछ ।

**कन्या**: आज अरुलाई प्रभावित पारेर काम बन्नेछ। न्यायिक कार्यमा सफलता मिल्नेछ ।

**तुला**: सामान हराउने वा चोरी हुने सम्भावना छ । शुभचिन्तकहरूको सुझाव बेवास्ता गर्दा दुःख

**वृश्चिक**: दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु**: आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर**: आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर बढ्न सक्छ ।

**कुम्भ**: कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मिन**: आज कला, साहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ । पारिवारिक साथ सहयोग मिल्ने